## Asian Productivity Organization
## "The APO in the News"

Name of publication: Gorkhapatra Daily (2 March 2017, Sri Lanka)
Page: 1

# एपिओलाई नेतृत्वदायी अन्तर्राष्ट्रिय संस्था बनाउँछौं




शान्ति कानोकवानापोर्न
महासचिव, एपिओ

एसियाली उत्पादकत्व सङ्गठन (एपिओ) पाँच दशकभन्दा बढीदेखि एसियामा कृषि र औद्योगिक क्षेत्रमा उत्पादकत्व बढाउन निरन्तर क्रियाशील छ। सन् १९६१ मा विकसित मुलुक जापानको अगुवाइमा नेपालसहित आठवटा मुलुक सदस्य रहेर स्थापना भएको एपिओमा अहिले २० मुलुक सदस्य रहेका छन्। नवीन प्रविधि, ज्ञान, सीप र अवधारणाद्वारा एसियाली अर्थतन्त्रलाई अब्बल बिन एपिओले भिजन २०२० को कार्ययोजना अनुरूप काम गरिरहेको छ। नेपालको कृषि प्रसारसँगै उद्योग र सेवा क्षेत्रको विकास र विस्तारका लागि एपिओले यताको सर्वक्षमा समन बढ्दो सहयोग पुऱ्याउँदै आएको छ। विश्व अर्थतन्त्र र विकसित आयामका गहिरो अध्येता शान्ति कानोकवानापोर्न एपिओका महासचिव हुनुहुन्छ। करिब ४० वर्षदेखि आफ्नो देश थाइल्याण्डसँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट उत्पादकत्वमा क्रियाशील शान्ति एपिओलाई नेतृत्वदायी अन्तर्राष्ट्रिय सङ्गठन बनाउने लक्ष्यमा क्रियाशील हुनुहुन्छ। प्रस्तुत छ, एपिओ महासचिवसँग केही दिनअघि टोकियोस्थित एपिओ मुख्यालयमा जुवारखाबु बस्नेत र कृष्णहरि खड्काइले लिनुभएको अन्तर्वार्ताको सार :

**उत्पादकत्व बढाइ एसियाली अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउन भन्दा एसियाली उत्पादकत्व सङ्गठन (एपिओ)लाई नेतृत्वदायी अन्तर्राष्ट्रिय सङ्गठन बनाउने महत्त्वाकाङ्क्षी लक्ष्य लिइएको छ। यो कसरी पूरा हुन्छ ?**

दीगो विकासको लक्ष्यका साथ एपिओले काम गरिरहेको छ। यो लक्ष्य पूरा गर्न नवीन प्रविधिको प्रयोगलाई व्यापक बनाउनुपर्छ। अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्नका लागि विश्वका विकसित प्रविधिमात्र होइन, एसियाली अर्थतन्त्रका विशेषता र आवश्यकता अनुरूपको प्रविधि जरुरी हुन्छ। कृषिलाई जलवायु परिवर्तनका प्रतिकूल असरबाट जोगाउँदै बढी उत्पादनशील बनाउँदै त्यसका सम्बन्ध साना उद्यम र सेवा क्षेत्रमा विस्तार गरिनुपर्छ। यो कार्यका लागि एपिओले विश्वव्यापी नवीन प्रविधि उपयोग गर्न साझेदारी गरिरहेको छ। सहकार्यका लागि एपिओ एसियाभन्दा पर युरोप र अमेरिकासम्म पुगेको छ भने सहयोग आदान प्रदानका लागि अफ्रिकासम्म विस्तार भएको छ। यो कार्यहरू एपिओलाई नेतृत्वदायी अन्तर्राष्ट्रिय सङ्गठन बनाउने दिशामा क्रियाशील छन्।

**भूमण्डलीकरणका कारण एसियाका धेरै देशमा विगत साढे दुई दशकमा धेरै साना र मझौला उद्यमहरूमा सुस्तता आयो। यस्ता उद्यमहरूको पनि उत्पादकत्व न्यून देखिएको विज्ञहरूले बताउँदै आएका छन्। साना र मझौला उद्यमलाई कसरी प्रभावकारी विस्तार गर्न सकिएला ?**

साना र मझौला उद्यम अर्थतन्त्रको आय, उत्पादन रोजगारी बढाउने महत्त्वपूर्ण औजार हो। जापानमा ९७ प्रतिशत व्यवसाय साना र मझौला नै छन्। विकासशील अर्थतन्त्रका लागि त झनै साना र मझौला उद्यमको ठूलो महत्त्व छ तर प्रविधिको विकाससँगै अर्थतन्त्रमा आएका परिवर्तनहरूले साना र मझौला उद्यमको आवश्यकतालाई अरू जटिल बनाएको छ। त्यसकारण नवीन खोज र अन्वेषण आवश्यकता छ र नै एपिओले त्यस दिशामा निरन्तर काम गरिरहेको छ। सूचना प्रविधिको विकासलाई साना र मझौला उद्यमको विकासमा ल्याउन सकिन्छ। समय संवेदनशील छ र प्रगति द्रुतगतिमा अगाडि बढिरहेको छ। यो सबै पक्षलाई गहन अध्ययन गरी भावी स्पष्ट दिशामा जान अहिले एपिओ अगाडि बढिरहेको छ। त्यसका लागि समावेशी र खास गरी महिलाको श्रम र क्षमता उपयोगमा एपिओको ध्यान गएको छ।

**एपिओमा जापानजस्ता समृद्धिपछिको नयाँ चरणमा प्रवेश गरेका मुलुकसँगै एसिया र प्रशान्त क्षेत्रका नेपालजस्ता अति कम विकसित मुलुक र विकासशील मुलुकहरू पनि छन्। यो विषमतामा कसरी समावेशी विकास सम्भव हुन्छ ?**

हो, सदस्य मुलुकहरूको अर्थतन्त्रमा विविधता छ तर सूचना प्रविधि र ज्ञानको प्रसारले अवसरहरू पनि सिर्जना भएका छन्। सहयोग र साझेदारीको नयाँनयाँ प्रयोग कार्यरूपमा आएका छन्। आर्थिक विकासका लागि उत्पादकत्व वृद्धिलाई ध्यान दिन सदस्य मुलुकहरूमा अनेक नीति र कार्यक्रमहरू छन्। तिनलाई नीति निर्माण तहमा अगाडि बढाउन मिडियाको भूमिका प्रभावकारी हुँदैछ। मिडियाले समावेशी विकासको अवधारणालाई सही दिशामा फलदायी बनाउन सक्छ। समावेशी विकासलाई सफल बनाउन सक्छ।

**एपिओको कार्यक्रमहरू सदस्य मुलुकका राष्ट्रिय उत्पादकत्व सङ्गठन (एनपिओ) मार्फत अगाडि बढ्छन् तर कतिपय मुलुकका एनपिओहरूको संस्थागत संरचना बलियो छैन र नीति निर्माण तहमा पहुँच पनि कमजोर छ। एपिओले एनपिओहरूको संरचनागत र क्षमता अभिवृद्धिका सुधारतर्फ केही गर्दैछ ?**

सदस्य मुलुकहरूको अर्थतन्त्रको आवश्यकता र योजनाअनुसार नै एपिओले ती मुलुकहरूको उत्पादकत्व अभिवृद्धिका लागि सहयोग गर्छ र गर्दै आएको छ। उत्पादकत्व बढाउँदै एपिओलाई नेतृत्वदायी अन्तर्राष्ट्रिय सङ्गठन बनाउन एनपिओहरूको सशक्तीकरणका लागि हामीले आवश्यकता पहिचान गर्ने दिशामा अगाडि बढेका छौं। देशको राष्ट्रिय आवश्यकता र योजनालाई एपिओले साथ दिनेछ। त्यसमा मिडियाको सकारात्मक सहयोगको अपेक्षा एपिओले गरेको छ। समावेशी र नवीन नीतिगत तयारी अगाडि बढ्न चाँडै एनपिओका अधिकारीहरूको बैठक पनि बस्दैछ। त्यसले नयाँ मार्गचित्रमा अगाडि बढ्न सहयोग पुग्ने विश्वास लिइएको छ।

**एनपिओहरूका लागि एपिओका पूर्ण ठोस योजना ?**

एनपिओहरूको संस्थागत क्षमता विकासका लागि एपिओले सहयोग गर्ने कार्ययोजना बनाएको छ। समग्रमा एनपिओका कामहरू सन्तोषजनक नै छन्।